# प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन (दोश्रो संसोधन) नियमावली, २०७६

**प्रदेश राजपत्रमा प्रकाशित मिति**
२०७६/०६/१५

प्रदेश नं. १ को प्रदेश सरकारले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन (दोश्रो संसोधन) नियमावली, २०७६**

प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन नियमावली, २०७५ लाई संसोधन गर्न वाञ्छनिय भएकोले, प्रदेश नं. १ को मन्त्रिपरिषद्ले यो नियमावली बनाएको छ।

१. <u>संक्षिप्त, नाम र प्रारम्भ</u> : (१) यो नियमावलीको नाम **"प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन (दोश्रो संसोधन) नियमावली, २०७६"** रहेको छ ।

(२) यो नियमावली प्रदेश मन्त्रिपरिषद्ले स्वीकृत गरे पछि लागु हुनेछ ।

१.(१) प्रदेश निर्वाचान क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन नियमावली, २०७५ (यस पछि मूल नियमावली भनिएको) को नियम ४ उपनियम (१) मा तर आर्थिक वर्ष २०७५/०७६ को हकमा चार पटक बैठक बस्न सक्नेछ भन्ने शब्दावली हटाएको छ ।

१.(२) ४ (१) नियम ४ को उपनियम (१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ।

१.(३) ४ (क) गत आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनको समिक्षा तथा चालु आर्थिक वर्षको आयोजना छनौट सम्बन्धी छलफल गरि निर्णय गर्न प्रत्येक आर्थिक वर्षको कार्तिक पन्ध्र गते भित्र,

१.(४) ४ (१) (ख) चालु आर्थिक वर्षमा कार्यान्वयन रहेको कार्यक्रमको मार्ग दर्शन गर्न माघ मसान्त सम्म,

१.(५) ४(१)(ग) चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेको कार्यक्रमको समिक्षा गर्न जेष्ठ पन्ध्र गते सम्म ।

२. नियम ६ को उपनिय (१) खण्ड (च) मा भूमिहिन पछि "अपाङ्गता भएका" शब्दहरु थपिएका छन्।

नियम ६ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ ।

नियम ६ (२) उपनियम (१) बमोजिमका आयोजना संचालन गर्दा सामाग्री खरिद गरी वितरण गर्न, गैर सरकारी संस्था मार्फत आयोजना कार्यान्वयन गर्न र भौतिक पूर्वाधार विकास भन्दा अन्य प्रकृतिका आयोजना छनौट गर्न पाइने छैन । तर कुनै गैर सरकारी संस्थाले तीस प्रतिशत भन्दा बढी रकम आयोजना संचालनका लागि साझेदारी गर्न चाहेमा त्यस्ता गैर सरकारी संस्था मार्फत आयोजना संचालन गर्न सकिनेछ ।

३. ७ (२) नियम ७ को उपनियम (२) हटाइएको छ ।

३.(१) नियम ७ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

३.(२) नियम ७ (३) समितिले आयोजना छनौट गर्दा सम्भव भए सम्म एक आर्थिक वर्षमा सम्पन्न गर्न सकिने आयोजना छनौट गरी अनुसूचि– १ बमोजिम कार्यान्वयन तालिका सहित सम्बन्धित स्थानीय तहमा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रमा पठाइ सक्नु पर्नेछ ।

३.(३) ७ (९) नियम ७ को उपनियम (९) हटाइएको छ।

३.(४) ७ (१०) नियम ७ को उपनियम (१०) मा रहेको विनियोजन भन्ने शब्दको सट्टा "विनियोजित" भन्ने शब्द राखिएको छ ।

३.(५) ७ (११) नियम ७ को उपनियम (११) मा रहेको सोह्र भन्ने शब्द को सट्टा "एक्काइस" राखिएको छ ।

३.(६) ७ (१२) नियम ७ को उपनियम (१२) मा पच्चीस भन्ने शब्दको सट्टा "पचास" भन्ने शब्द राखिएको छ ।

३.(७) नियम ७ को उपनियम (१३) को सट्टा देहायको उपनियम (१३) राखिएको छ।

३.(८) ७ (१३) उपनियम (१) बाहेकको अन्य आयोजना छनौट गर्दा दश लाख रुपैयाँ भन्दा कम रकमको आयोजना छनोट गर्न पाईने छैन ।

३.(९) ७ (१४) नियम ७ को उपनियम (१४) मा रहेको "तर आर्थिक वर्ष २०७५/०७६ को हकमा पौष मसान्त सम्म सम्झौता हुन नसकेमा माघ मसान्त भित्र छनौट गरी सक्नु पर्नेछ" शब्दहरु हटाइएको छ ।

४. नियम ८ को उपनियम (२) को सट्टा देहायको उपनियम (८) २ राखिएको छ ।

४.(१) ८ (२) यस कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने आयोजना मध्ये भवन र पुल भए उपभोक्ता समितिले कम्तिमा दश प्रतिशत र अन्य आयोजना भए कम्तिमा वीस प्रतिशत रकम योगदान गर्नु पर्नेछ ।

४.(२) नियम ८ को उपनियम (३) हटाएको छ।

४.(३) नियम ८ को उपनियम (४) मा रहेको उपदफा भन्ने शब्दको सट्टा "उपनियम" भन्ने शब्द राखिएको छ ।

५. नियम ९ को उप नियम (१) पछि देहायको उपनियम (२),(३) र (४) थप गरिएको छ।

५.(१) ९ (२) उपनियम (१) वमोजिम छनौट भई आएका कार्यक्रम तथा आयोजना संचालन तथा कार्यान्वयन गर्नु सम्वन्धित स्थानीय तहको कर्तव्य हुनेछ ।

५.(२) ९ (३) उपनियम (१) वमोजिम छनौट भई आएका कार्यक्रम तथा आयोजना सम्वन्धित स्थानीय तहले कार्यान्वयन नगरेमा प्रदेश सरकारबाट दिइने अनुदान कटौती हुन सक्नेछ।

५.(३) ९ (४) उपनियम (१) वमोजिम छनौट भई आएका कार्यक्रम तथा आयोजना सम्वन्धित स्थानीय तहले कार्यान्वयन नगरेको खण्डमा छनौट भईसकेको कार्यक्रम तथा आयोजना कार्यान्वयनका लागि प्रदेश सरकारले वैकल्पिक व्यवस्था गर्न सक्ने छ ।

६. नियम १० को उपनियम (१) मा सशर्त अनुदानको रुपमा भन्ने शब्दहरु हटाइएको छ।

७. नियम १३ को उपनियम (१) मा उपाध्यक्ष भन्ने शब्दको पछी "र सम्बन्धित वार्ड अध्यक्ष" भन्ने शब्दहरु थपिएका छन् ।

७.(१) नियम १३ को उपनियम (३) पछि देहायको नियम १३ उपनियम (३क) थप गरिएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

७.(२) (३क) प्रदेश सरकारले गठन गरेको अधिकार सम्पन्न अनुगमन समितिले समेत यस नियमावली बमोजिम संचालन हुने आयोजनाको अनुगमन निरिक्षण गरी सम्बन्धित समितिका संयोजक, सम्बन्धित स्थानिय तह वा मन्त्रालयलाई आवश्यक सुझाव दिन सक्नेछ ।

८. नियम १५ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछ ।

८.(१) १५ (१) यस नियमावली बमोजिम संचालन हुने आयोजनाको छनौट गर्न, अनुगमन गर्न, आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न, प्रतिवेदन तयार गर्न, प्रशासनिक र प्राविधिक विषयमा खर्च गर्न सम्वन्धित जिल्ला समन्वय समितिलाई सून्य दशमलव पाँच प्रतिशत, सम्बन्धित स्थानीय तहमा कार्यक्रम संचालनका लागि पठाइने कुल रकमको एक दशमलव पाँच प्रतिशत कार्यक्रम संचालन गरिने स्थानीय तहमा र समितिका संयोजकले तोकेको प्रतिनिधि मार्फत सून्य दशमलव पाँच प्रतिशत कन्टेन्जेन्सी बापत रकम उपलब्ध गराईने छ ।

८.(२) नियम १५ को देहायको उपनियम (१क) थपिएको छ ।

८.(३) १५ (१क) उपनियम (१) बमोजिम जिल्ला समन्वय समिति र नियम ३ वमोजिम गठित समितिका संयोजकले तोकेको प्रतिनिधि मार्फत प्राप्त गर्ने प्रशासनिक खर्च वापतको सून्य दशमलव पाँच प्रतिशतले हुने रकम निकासा गर्दा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत सोझै जिल्ला समन्वय समितिलाई निकासा दिनु पर्ने छ र संयोजकको प्रतिनिधिले जिल्ला समन्वय समितिबाट तीन किस्तामा रकम भुक्तानी लिने छ ।

८.(४) नियम १५ को देहायको उपनियम (१ख) थपिएको छ।

८.(५) १५ (१ख) उपनियम (१) बमोजिमको कन्टेन्जेन्सी रकमबाट जिल्ला समन्वय समितिले प्रशासनिक कार्यमा, सम्बन्धित स्थानिय तहले लागत इस्टिमेट तयार गर्न, मुल्याङ्कन गर्न, अनुगमन गर्न, फर फारक गरी भुक्तानी दिन र संयोजकको प्रतिनिधिले कार्यक्रम संचालन सम्बन्धी रेखदेख गर्ने, सहजीकरण गर्ने, सम्बन्धित स्थानीय तह र त्यस्ता स्थानीय तहबाट तोकिएको प्राविधिकसँग समन्वय लगायतको कार्यमा रकम खर्च गर्ने छ ।

९.(१) नियम १६ को उपनियम (१) मा रहेको प्रमुख निर्वाचन अधिकृत भन्ने शब्द हटाई सो ठाउँमा "प्रमुख प्रशासकीय अधिकृत" भन्ने शब्द राखिएको छ ।

९.(२) नियम १६ को उपनियम (२) मा रहेको प्रशासनिक भन्ने शब्द हटाई सो ठाउँमा "प्रशासकीय" भन्ने शब्द राखिएको छ ।